# ख्रीष्टियन हुन
## किन ? के ? कसरी ?

## म किन ध्यान दिन्छु ,

मृत्यु र कर मात्र निश्चित छन् भन्ने भनाई छ । स्वाभाविक रूपलै नै मानिसहरू मृत्यसंग डराउछन् र सदैव बाच्ने उपाय खोजीरहेका हुन्छन् तापनि मृत्यु पन्छाउन नसकिने छ । केही धनवान मानिसहरू भावी समाजले प्राण धातक रोगबाट निको तुल्याउन सक्छ भन्ने आशामा आफना भौतिक शारिरलाई स्थिर गराईरहेको छन् । अरूहरूले चाँहि केही दिन बाँच्न र आफनौ बडदो उमेरको गतिलाई रोक्न चिकित्सा-सम्बन्धि साधनहरू अपनाउछन् । तर ईसाईमतले चाँहि एक सुल्दर अनन्त जीवनको उपलब्धताको बारेमा बिशेष प्रतिज्ञाहरू सहित बताउछ । यदि बाइबल सठिक हो अनि मानिस सदैव बाँच्न सक्छ भन्ने एक अल्प सम्भावना छ भने क यसले जाँच गर्ने कुरालाई अर्थ लाददैन र ?

कहिले काही व्यक्तिको गुण स्तरसंग पनि अन्य निर्णायक बिषयले सम्बन्ध राख्दछ । मानिसहरू धेरै मात्रामा समय र धन, खुशी र ब्यक्तिगतपूर्तिको निम्ति खर्च गर्दछ तरैपनि सन्तुष्टता र मनको साँचो शान्तिलाई प्राप्त गर्न सक्दैन । सम्पति, शाररीक स्वास्थता, सामाजिक पहिचान फूर्सदको समय, ठुलो टेजीभिजन र दार्जिलिङमा बिताउएका छुट्टिका दिनहरू सबै नै अधिर मानव आत्मालाई स्थायी साँचो सन्तुष्टताको बोध दिलाउनमा असफल हुन्छन । यदि साँचो प्रेम आनन्द, शान्ति र अरू यस्तो मनपसन्द अनि बाहय कुराहरुद्वारा स्पर्श गर्न नसकिने उपयोगी बस्तुहरू पत्तो लाउने बाटो, अनुभव गर्ने कुञजी भएता यस्तो ज्ञानको पछि लाग्नु के बुद्धिमानी होइन र ?इसाईमतले साहससित यो दाबी गर्छ कि ती जसले येशु ख्रीष्ट मार्फत परमेश्वरसितको सम्बन्धलाई बिकास गर्न सिक्छ भने यी कुराहरू उनीहरूको जीवनमा प्रत्येक दिनको वास्तविकता हुन सक्दछ ।

## इसाई के हो ?

बाइबलीय रूपमा इसाई भनेको यो व्यक्ति हो जसको ''उद्धार'' भएको छ । यसलाई ''अर्को जन्म'' हुन पनि भनिछ । तपाईको पहिलो जन्मामा जब तपाईले यस पृथ्वीमा जन्म लिनुभो तपाई पाप स्वभाव सहित जन्मिनु भयो । किन मानिसले पाप गर्छ ?भन्ने यो एक ठुलो कारण हो । जब तपाईले ख्रीष्टलाई प्रभु भनेर स्वीकार गर्नु हुन्छ अनि परमेश्वरले वहाँलाई मुर्दाबाद बिउजाउँनु भयो अनि बिश्वास गर्नुहुन्छ भने तपाई एक इसाई हुनुहुन्छ, तपाईको अर्को जन्म हुन्छ अनि तपाई परमेश्वाको परिवारको एक सदस्य बन्नु हुन्छ । तपाईको नयाँ जन्म हुँदा तपाईले नसाँ स्वभाव परमेश्वर र ख्रीष्टको धार्मिक स्वभाव प्राप्त गर्नुहुन्छ ।

## उद्धार - मुक्त के हो ?

अनन्त मृत्यबाट मानिसहरू ''बाचेर'' अनन्त जीवनको बरदान प्राप्त गर्नु भन्ने संकेत गर्नलाई बाइबललक ''उद्धार हुनु'' भन्ने शब्दको प्रयोग गदर्छ । जब एक तैरिन नसकने मान्छे पानिमा डुब्छ भने उ अनायशै चिच्चाउन लाग्छ ''बचाऊ ! बचाऊ्'' जसको अर्थ हुन्छ मलाई यहाँबाट बाहिर निकाल । ''उद्धार हुनु'' भन्ने शब्दको अर्थ पनि यस्तै हुन्छ । यसको अर्थ अनन्त मृत्युबाट उद्धार गरिनु अर्थात बाहिर निकालिनु भन्ने हुन्छ ।

सबै मानव जाती पापैमा जन्मेको हुन्छ परमेश्वरको आज्ञा उल्लघन गरेको कारण मानिस मृत्यु आयो । यसैले सबै जना पापको ढण्डबाट बाँच्न आवश्यक छ । रोमी ६:२३ ले भन्छ "पापको ज्याला मृत्यु हो तर परमेश्वरको अनुग्रहको बरदान हाम्रा प्रभु येशु ख्रीष्टमा अनन्त जीवन हो ।" तपाईका पापले मृत्युलाई कमाई गरेको छ तर पाप र मृत्युको शक्तिबाट उद्धार येशु ख्रीष्ट मार्फत उपलब्ध छ ।

मैले आफूलाई एक पापी झै महसुस गर्दिन भने के हुन्छ होला ?किन म यस बिषयमा चिन्तित हुने ?

तपाइले आफैलाई पापी झै महसुस नगरेता पनि जुन बेला तपाई इमान्दार हुनुहुन्छ, केही कुरा जसले आधारभूतरूपमा तपाई र तपाईको वरिपरिको संसारलाई दोषरहित हुनबाट बञ्चित गराईरहेको तपाईलाई अवगत हुनेछ । हामी सबैलाई यो कुराको अनुभव छ कि हामीले कुन कुरा गर्नुहुन्छ अनि कुन कुरा गर्नुहुदैन तापनि हामी सही कुराहरू गर्न असमर्थ भईरहेका हुन्छौं । हामी स्वय अनि अरूहरू पनि आफैलाई हानी पुराउने आचरणद्वारा पिडित भएको पाउछौं र पनि हाम्रो चिन्त बुझ्दैन अनि हामी यसलाई जारी राख्छौं । यस्तै प्रकारको अनुभवलाई नै बाइबलले "पाप" अर्थात् परमेश्वरको हृदय र इच्छाबाट अलग भएको अवस्था र वहाँ प्रति अनाज्ञाकारी हुनु भन्दछ । यसैकारण तपाईले पापलाई महसुस गर्नुहोस या नगर्नुहोस तपाई पापको रोगबाट ग्रसित हुनुहुन्छ । जबसम्म तपाईले यसको बिरूद्ध येशू खीष्टको प्रायश्चितको बलिदानको खोप (टीका) लगाउनु हुन्न तबसम्म तपाई मुक्त हुनसकनु हुन्न । अरू धर्महरूले कि पापको वास्तविकतालाई अस्वीकार गर्छ कि यसको लागी न्याय संगत प्रायश्चित प्रदान गर्न सकदैन ।

उद्धार-मुक्तिको कति मूल्य लाग्छ ?

यसका लागी कुनै मूल्य लाग्दैन किनभने यसको निम्ति कसैले मूल्य तिरिसकेको छ । के तपाईले कहिले उपहार पाउन भएको छ ?यसको लागी तपाईले कति मूल्य दिनुभयो । सायदै तपाईले मूल्य दिनु परेन होला । किन ?कसैले यसको निम्ति अघि नै मूल्य दिइसकेको थियो । तपाईले गर्नु पर्ने काम चाँहि स्वीकार गर्नु मात्र थियो । उद्धारको उपहारको निम्ति पनि मूल्य दिईसकेको छ । पवित्र शास्त्रले स्पष्टसित बताउँछ कि येशू खीष्टले आफ्नो बलिदानद्वारा हाम्रो उद्धारको मूल्य चुकाउँनु भयो । संसारमा सबैको प्रिय बाइबलको पदले भन्छ "किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो उहाँले आफ्ना एकमात्र पुत्रलाई दिनुभयो, उहाँमाथि विश्वास गर्ने प्रत्येक नाश नहोस, तर त्यसले अनन्त जीवन पाओस् (यूहन्ना ३:१६) । तपाईलाई थाहाँ छ, पापको प्याला मृत्यु हो, र त्यसैले खीष्ट त्यो ऋण तिर्नलाई मर्नुभयो । तपाईले अनन्त जीवन पाउन् भन्ने हेतुले परमेश्वरले आफ्नो एकलौते पुत्र येशू खीष्टलाई तपाईको निम्ति मर्न पठाउनु भयो ।

उद्धार तपाईले उपहार स्वरूप प्राप्त गर्नुहुन्छ । माथि उल्लेखित रोमी ३:२३ स्मरण गर्नुहोस । यसले भन्दछ "..... परमेश्वरको अनुग्रहको वरदान हाम्रा प्रभु येशू खीष्टमा अनन्त जीवन हो" ।

रामी ६:२३ ले मात्र उद्धार उपहार हो भनी बताएको छैन । रोमी ५:१५-१६ उपहार भन्ने शब्द पाँच पल्ट प्रत्योग भएको। तपाईले उपहारको लागी काम गर्नु पर्दैन। यो सितैमा दिइन्छ । अनन्त जीवन र उद्धारको उपहार सितैमा तपाईहरूलाई दिइन्छ। अनन्त जीवन र उद्धारको उपहार सितैमा तपाईलाई दिएको छ । किनभने परमेश्वरले तपाईलाई प्रेम गर्नु हुन्छ । किन परमेश्वरले प्रेम गर्नुहुन्छ ?किनभने परमेश्वर प्रेम हुनुहुन्छ अनि उहाँले तपाईलाई सृष्टि गर्नु भएको हो । अनन्त काल पनि परमेश्वरले तपाईलाई उहाँसँगै बिताएको चहानु हुन्छ तर निणर्य गर्ने काम तपाईको हो । यदि तपाईले चाहनु भयो भने येशू खीष्ट द्वारा अनन्त जीवन प्राप्त गर्न सकनु हुन्छ ।

परमेश्वरको उद्धारको सितैको वरदान मैले कसरी प्राप्त गर्नु ?

यस सम्बन्धमा धर्मशास्त्र एकदम स्पष्ट छ। परमेश्वरले साँच्चै तपाईको उद्धार भएको चाहनु हुन्छ। यसैले उहाँले

आदेशहरू (Instruction) धेरै सरल बनाउनु भएको छः-

रोमी १०:९

किनभने यदि तिमीले प्रभु येशूलाई आफ्नो मूखले स्वीकार गऱ्यौ र परमेश्वरले उहाँलाई मरेकाहरूबाट बिउँझाउनु भयो भनी हृदयमा विश्वास गऱ्यौ भने तिम्रो उद्धार हुनेछ ।

यो त अति सजिलो पो रहेछ । यो एक उपहार हो येशू खीष्टले यसको मूल्य तिर्नुभएको छ अनि उहाँले तपाईलाई प्रदान गरेको छ । यदि उपहारलाई प्राप्त गर्नु कठिन हुने भएको भए यो कस्तो प्रकारको हुन्थ्यो होला ? परिभाषानुसार त उपहारहरू प्राप्त गर्नु सजिलो हुन्छ । उद्धार धेरै महत्वपूर्ण छ । हामी निश्चित भई परमेश्वरको आदेशहरू बुझौं ।

उद्धारलाई प्राप्त गर्न तपाईले येशू नै प्रभू हुनुहुन्छ भनी आफ्नो मुखले स्वीकार गर्नैपर्छ ।

यसको अर्थ के हुन्छ ?यसको अर्थ यही हुन्छ कि तपाईले बाइबलले जे भन्छ त्यो तपाईले भन्नु पर्ने हुन्छ ; कि येशू नै प्रभू हुनुहुन्छ उहाँ परमेशवरको पुत्र हुनुहुन्छ उहाँ तपाईको पापको लागी मर्नु भयो उहाँ मृत्युबाट बौरी उठनुभयो अनि परमेश्वर पिताको दाहिने बाहुलीमा महिमीत रूपले बस्नु भएको छ। के तपाईले कहिले आफ्नो मुख खोलेर येशू नै प्रभू हुनुहुन्छ भन्नु भएको छ । तपाईलाई थाह छ, धेरै मानिसहरूले कहिल्यै पनि यसलाई बोल्दैन। किन अहिले नै यो नभन्ने ? येशू नै प्रभू हुनुहुन्छ भनी भन्नु होस ।

येशू नै प्रभू हुनुहुन्छ भनी एकपल्ट तपाईले आफनो मुखले भन्नु हुन्छ भने रोमी १०:९ यो बताउँदै जान्छ कि तपाईको हृदयमा विश्वास हुन्छ कि परमेश्वरले येशूलाई मरेकाहरूबाट जीवित पार्नुभयो । हृदयमा विश्वास गर्नु भनेको के हो ?यसको अर्थ साँच्चि नै विश्वास गर्नु भनेको हो । के यो कठिन छ ?अहँ पटक्कै छैन । सयुक्त राष्ट्र अमेरिकाको प्रथम राष्ट्रपति जर्ज वाशिंटन थियो भन्ने शायदै तपाईले विश्वास गर्नुहुन्छ होला, यद्धपि उहाँलाई तपाईले कहिल्यै देख्नु भएन । यस्तै प्रकारले परमेश्वरले येशूलाई मृतकबाट बिउँझाउनु भयो भन्ने विश्वास गर्नु प्रशस्त्र मान्य कारणहरू छन् ।

येशू नै प्रभू हुनुहुन्छ भनी एकपल्ट तपाईले आफनो मुखले स्वीकार गर्नुहुन्छ अनि परमेश्वरले उहाँलाई मरेकाहरूबाट बिउँझाउनु भयो भनी हृदयमा विश्वास गऱ्यौ भने तपाईको उद्धार हुनेछ । उद्धार एकदमै सजिलो छ किनभने परमेश्वरले मानिसहरूले उद्धार पाउन भन्ने इच्छा गर्नुहुन्छ ?तिमोथी २:४, अनि उहाँले यो उपहार स्वरूप दिईरहनु भएको छ ।

मुक्ति प्राप्त गर्नु सजिलो छ भनी नयाँ नियमका धेरै पदहरूले देखाउँछ अनि यो येशूमा विश्वास गरेर अर्थवा भरोसा गरेर तपाईले प्राप्त गर्नुहुन्छ । बाइबलले प्रायः ''येशूमा विश्वास'' (Faith in Jesus) भन्ने वाक्याशं प्रयोग गर्दछ । ''विश्वास'' बाइबलीय शब्द हो । जसको अर्थ हुन्छ ''भरोसा'' । येशूमा विश्वास गर्नुको अर्थ वहाँमा भरोसा गर्नुहुन्छ अनि यसरी उहाँको काममा भरोसा गर्नु चाँहि तपाईको उद्धार हुनुमा मनग्गे हुन्छ ।

निम्नलिखित धर्मशास्त्रका पदहरूले स्पष्ट सिकाउँछ कि उद्धार विश्वासद्वारा प्राप्त हुन्छ ।

रोमी ३:२२

''..... विश्वासद्वारा येशू खीष्टमा विश्वास गर्ने सबै माथि परमेश्वरको धार्मिकता प्रकट भएको छ ...'' (परमेश्वरको अघाडी सठीक ठहरिनु धार्मिकता हो । जब तपाईले खीष्ट प्रभु हुनहुन्छ भनेर स्वीकार गर्नु हुन्छ अनि उहाँ मरेकाहरूबाट बिउँझिनु भयो र तपाईको पापको मोल तिरीसकेको छ, तब तपाई परमेश्वरसित धार्मिक ठहरिनुहुन्छ । यसैकारण बाइबलले येशुखीष्टमा बिश्वासद्वारा तपाईको धार्मिकता आँउछै भन्दछ । परमेश्वरको दृष्टिमा उद्धार पाएका सबै जना धर्मी हुन ।

रोमी ३:२६

परमेश्वरले ''.....येशूमा विश्वास राख्नेहरूलाई धर्मी ठहराउँनु हुन्छ'' (''धर्मी टहराउनु'' एक कानूनी शब्द हो।

परमेश्वरको दृष्टिमा हामी ''धर्मी'' छौं, किनभने येशूले हाम्रो पापको मोल तिरिदिनु भयो । अब हाम्रो बिरूद्धमा कुनै पाप छैन, यसैकारण बाइबलले हामीलाई ''धर्मी ठहरिएको'' (Jestified) भन्दछ ।

रोमी ३:२८

''... विश्वासद्वारा नै मानिस धर्मी ठहरिन्छ .......''

रोमी ५:१

''.....विश्वासबाट धर्मी ठहरिएका भएर.....''

रोमी ६:३०

''...विश्वासबाट पाइने चाँहि धर्मिकता ......''

रोमी १०:४

''किन भने विश्वास गर्ने हरेकको निम्ति धामिकता पालन गर्ने मानिस त्यसैबाट जिउँनेछौं ।

गलती २:१६

''.... येशू खीष्टमाथिको विश्वास बाहेक व्यवस्थाका कामबाट मानिस धर्मी ठहरिन्दैन........''

अझ धेरै पदहरू उद्घृत गर्न आवश्यक छैन । मुख्य कुरा हामीले बुझिसकेका छौं कि परमेश्वरले उद्धार पाउन सरल बनाएका छन् । प्रेरित पावल एकपल्ट आफ्नो यात्रामा झ्यालखानमा परे । हाकिमले (एक अति महत्वपूर्ण प्रश्न जो कुनै मानिसले पनि सोध्न सक्छ) पावललाई प्रश्न गरे ''.....मैले के गरेदेखि उद्धार पाउन सक्छु ?'' प्रेरित १६:३० पावलको उत्तर छोटो र सरल थियो ''...प्रभु येशू खीष्टमा विश्वास गर्नुहोस र तपाईले उद्धार पाउनु हुनेछ....' प्रेरित १६:३१ झण्डै २००० बर्ष अघि हाकिमलाई भनेका कुरा नै तपाई र मेरो लागि आज पनि सत्य छ । यदि तपाईले प्रभु येशूमा विश्वास गर्नुभयो भने तपाईको उद्धार हुनेछ ।

के मैले उद्धार प्राप्त गर्नलाई कुनै प्रकारको काम गर्न दर्कार छ ?

छैन ! खीष्टले उद्धारको मोल चुकाउनु भयो । उपहार सरह यो दिईएको छ । उद्धार एक उपहार हो । भनी बाइबलले बताउँछ । यो विश्वासद्वारा प्राप्त गरिन्छ । यसले बिशेष रूपमा यो पनि बताउँदछ कि उद्धार कामबाट प्राप्त गर्न सकिन्न ।

एफिसी २:८-९

८. किनभने तमीहरूले विश्वासद्वारा अनुग्रहबाट उद्धार पाएका छौं, र यो ता तिमीहरू आफैबाट होइन, यो परमेश्वरको बरदान हो ।

९. कामबाट होइन, नत्रता कसैल धमण्ड गर्नेछ किनभने हामी उहाँका सृजना हौं ।

यी पदहरू स्पष्ट छन् कि तिमीहरूले विश्वासद्वारा अनुग्रहबाट उद्धार पाएका छौं । यसको अर्थ यो हुन्छ कि जब तपाईले खीष्टलाई विश्वास गर्नुहुन्छ भने परमेश्वरले तपाईलाई उहाँको अनुग्रहद्वारा उद्धार गर्नुहुन्छ ।

धेरै इसाईहरूले उद्धार परमेश्वरको अनुग्रहको बरदान हो तर कामबाट होइन भन्ने सत्यलाई थाह गरेको हुँदैन । तिनीहरूले उद्धार पाउनको लागी चर्च जानै पर्छ, एकदम सिद्ध जीवन जिउनु पर्छ भन्ने सिकेका हुन्छन् । तर बाइबलले त उद्धारको बारेमा यसो भन्दैन । ''उद्धार पाउँनको लागी चर्च जानै पर्छ भन्ने पद कसैले पनि भेट्टाउँदैन कारण बाइबलमा यस्तो पद नै छैन । उद्धार प्राप्त गर्नको निम्ति सिद्ध जीवन जिउन पर्छ भन्ने पनि पदहरू छैन । उद्धार एक बरदान हो - खीष्टको कामलाई विश्वास गरेर तपाईले यो प्राप्त गर्न सकनु हुन्छ, कामबाट होइन । उद्धारलाई हामी कमाउन सक्छौं अथवा यसको निम्ति हामी योग्य छौं भन्ने होइन तर यसको हामीलाई खाँचो भएकोले परमेश्वरले हामीलाई सित्तैमा प्रदान गर्न चाहनु हुन्छ ।

संसारमा धेरै असल काम गर्ने मानिसहरू छन् जोहहरूले येशूलाई प्रभू भनी कहिल्यै स्वीकार गरेका छैनन् अनि उहाँको पुनरूत्थानमा विश्वास गर्दैनन् । असल ब्यक्ति भयौं भने परमेश्वरले अनन्त जीवन दिनुहुन्छ भन्ने शिक्षा तिनीहरूले सिकाउँछन् । तर बाइबलले हामीलाई सफासंग भन्दछ कि हाम्रा असल कामले उद्धार हुनसक्दैन, जस्तै कि भर्खर हामीले एफिसी २:८ र ६ लाई पढ़ेका छौं । असल काम गर्नु र असल व्यक्तिहुनु राम्रो कुरा हो तर यसले तपाईको आत्माको उद्धार हुन सक्दैन । उद्धार-मुक्ति नपाइएकोलाई बाइबलले ''पापमा मरेको'' भन्दछ । (एफिसी २:१) अनि मरेको व्यक्तिले कुनै असल काम गर्नु सक्दैन । सर्व प्रथम उसले नयाँ जन्मबाट भएर जीवन पाउन पर्छ त्यसपछि उसले परमेश्वरको निम्ति असल काम गर्न सकदछ । कसरी अनन्त जीवन पाउँनु भन्ने बिषयमा अनुमान (बिचार) नगरी बस्नुहोस । परमेश्वरले आफ्नो बचनबाट खुल्लासंग उद्धारको मार्ग देखाउँनु भएको छ । येशूले भन्नु भयो ''बाटो सत्य र जीवन मै हुँ... येशू मार्फत तपाई पिता कहाँ आउँन सकनु हुन्छ ।

यदि मैले उद्धार मुक्ति पाए पश्चायत पनि पाप गरे भने अनन्त जीवनलाई गुमाउँछु होला ?

असल कामहरू गरेर तपाईको उद्धार हुन सक्दैन । यदि तपाईले पाप गर्नुभयो भने पनि तपाईले तपाईको उद्धारलाई बेकारीको तुल्याउँन सक्नुहुन्न । अनन्त जीवन र उद्धार परमेश्वरबाट को तपाईको निम्ति बरदानहरू हुन् । परमेश्वरले उहाँको उद्धारको बरदानलाई कहिले पनि फिर्ता लिर्नु हुन्न । यस बिषयमा बाइबल स्पष्ट छ । '' किनभने परमेश्वरको बरदान र बोलावट उपरिवर्त्तनीय छन्'' रोमो ११:२६ नयाँ करारको अनुवाद ''द मेसेज'' मा यस पदलाई अझै शक्तिशाली रूपमा अनुवाद गरेको छ ।'' परमेश्वरको बरदान र बोलावट अधिकार पूर्ण भएकोले कहिल्यै पनि रद्ध र व्यार्थ हुँदैन ।

यदि तिमीले पाप गऱ्यो भने आफूले पाएको उद्धारलाई गुमाउँछौं र फेरि यसलाई प्राप्त गर्न पर्छ भनी धेरै ले शिक्षा दिने गर्छ । यो पनि सत्य होइन बाइबलले यसको स्थायित्वको बारेमा धेरै प्रकारले जोर दिदँछ । तपाईले आफनो उद्धारलाई गुमाउन हुन्न, यस कुरामा तपाई पूर्ण रूपमा निश्चित भएको परमेश्वर चाहनु हुन्छ ।

बाइबलले बिशेष रूपमा बारम्बार परमेश्वरको बरदानहरू अपरिवर्त्तनीय छन् र उद्धार पनि एक बरदान नै हो ।

उद्धारको एउटा शब्द अर्को जन्म (Born again) अथवा नयाँ (New birth) हो । (१ पत्रुस १:३ र २३) । जन्म स्थायी हो भनी हामी जान्दछौं । एकचोटी जब मेरो जन्म भयो म सँधै भरीको लागी मेरो आमा - बाबुको नानी बने । यद्धपि म नराम्रो आचरण भएको नानी छु अनि मलाई मेरो माता-पिताले साँच्चि नै मन नपराएता पनि मेरो जन्म स्थायी छ म उनीहरूको नै नानी हुदँछु । हामीले जस्तो सुकै व्यवहार देखाएता पनि हामी परमेश्वरको सन्तान हौ अनि उहाँले हामीलाई प्रेम गर्नुहुन्छ भनी इसाईहरूले जानेको परमेश्वर चाहनु हुन्छ । यसैले त जब हाम्रो उद्धार हुन्छ तब के हुन्छ भनी वर्णन गर्नलाई ''जन्म'' शब्दको प्रयोग उहाँ गर्नुहुन्छ । जन्म एकपल्ट हुने धारणा हो यसलाई रोकन सकिन्न ।

उद्धारको लागी अर्को शब्द अंगीकरण (Adoption) हो । परमेश्वरले तिमीहरू उहाँको परिवारमा जन्मेका छौ भनेर फेरि किन तिमीहरू धर्म पुत्र (Adopted) हौं भनी भन्नु हुन्छ । शुरूमा तपाईलाई अचम्म लाग्न करार लेखीन्दा रोमीहरूको संस्कृति र विधिले गर्दा हो । रोमीकानून अनुसार ग्रहण (Adoption) रोमी परिवारमा स्थायी हुने गर्थ्यो तर स्वभावीक रूपले जन्मेका बालकलाई अस्वीकार पनि गर्न सकथ्यो । रामीहरू तिनीहरूको उद्धारको विषयमा निश्चित हौं अनि यो स्थायी हो भन्ने कुरा बुझुन् भनेर परमेश्वरले अंगीकरण भन्ने शब्दको प्रयोग गर्नु भयो । (अझ थर्प अध्ययनको लागी ''परमेश्वरको धर्म पुत्र'' पढ़नु होस्)

जुनबेला तपाईको उद्धार हुन्छ परमेश्वरले तपाईलाई उहाँको बरदान पवित्र आत्मा तपाईभित्र दिनुहुन्छ । तपाई परमेश्वरको सन्तान हो भन्ने तपाईमा उहाँको यो स्थायी छाप हो । उहाँ आत्मा हुनुहुन्छ यसैले तपाईभित्र उहाँ हुनुहुन्छ भनी धेरै चोटि तपाईले अनुभाव गर्नु सक्नु हुन्न । उद्धारको सु-समाचार सुनेर जसमा विश्वास समेत गरेर प्रतिज्ञाको पवित्र आत्माले तिमीहरू छाप लगाईएको थियो भनी एफिसीको पुस्तकले भन्दछ, (एफिसी १:१३ र १४) यो पढहरू फेरि पनि पढ़नु होस् । यो

साह्रै मिठो छ । बाइबलले परमेश्वरको बरदान पवित्र आत्माले तिमीहरू छाप लगाएको छौं भन्दछ । यसैकारण तपाई छाप लगाएका हुनुहुन्छ । तपाईले पापै गरेता पनि परमेश्वरको उद्धार तपाईबाट खोसिन्दैन । जब तपाईमा छाप लगाईएको थियो अनि त्यो छाप अनन्त जीवनको ग्यारेण्टी साथै परमेश्वरसित तपाईको उत्तराधिकार हो । परमेश्वरले तपाईलाई आफ्नो सन्तान ठान्नु हुन्छ, तपाईको उद्धार स्थायी छ र यसलाई तपाईले कदापि गुमाउँनु सक्नु हुन्न । "हेर, पिताले हामीलाई कस्तो किसिमले प्रेम गर्नुभएको छ, कि हामी परमेश्वरको सन्तान कहलिनु पर्छ र साँच्चै यस्तै छौं । "...हे प्रियहरू हो अहिले हामी परमेश्वरको सन्तान छौं ...१यूहन्ना ३:१ र २.क । एक दिन तपाई परमेश्वरको सन्तान हुने अर्को दिन नहुने अवश्यै यस्तो हुनसक्दैन । सन्तान परिवारको हिस्सा हो भन्ने कुरा हामी सबैलाई थाहा छ । परमेश्वर हामीले दैनिक जीवनमा बोल्ने हाम्रो भाषामा हामीहरूसित बातचित गर्न चाहनु हुन्छ । यस्तो कुनै परिवार छैन जसको चाँहि एक दिन छोरा-छोरीहरू परिवारको हुने अर्को दिन नहुने । मानव परिवारमा जस्तो परमेश्वरको परिवारमा पनि लागू हुन्छ । परमेश्वरले तपाईलाई स्थायी रूपमा उहाँको धरानाको सन्तान हुनलाई बोलाउनु भएको हो । अविश्वासीहरू परमेश्वरको धरानाको हिस्सा नभएकोले उहाँको सन्तान पनि होइन् ।

इसाईहरू अबिनाशी बीयबाट जन्मेका हुन् र छोरा-छोरीहरूमा पिताको वीर्य हुन्छ । (१ पत्रुस १:२३) बाइबलमा धेरै स्पष्ट छ कि तपाईले उद्धार पाउनु भएपछि परमेश्वरको घरणामा जन्मलिनु हुन्छ । तपाई स्थायी रूपले धर्मपुत्र कहलाईनु हुन्छ, तपाई पवित्र आत्माद्वारा छाप लगाईनु हुन्छ । र परमेश्वरले तपाईलाई आफनै सन्तान बनाउनु हुन्छ ।

उद्धारलाई मैले गुमाउँदिन भने किन मैले पाप गर्नु छोड्नु र ?

यो राम्रो प्रश्न हो र यसको राम्रै उत्तर पनि छ ।

प्रथम :- जो पापपूर्ण जीवन जिउँछ उ पापको दास बन्दछ, रोमी ६:१६ । पापी जीवन जिउने मानिस प्रायः दोषले थिचिएको, निरास र दुःखी हुन्छन् । पापले मानिसहरू माथि हानी थोर्पछन् अनि इसाईहरू पापको तानाशाहीबाट उम्कन चाहन्छन् ।

दोस्रो :- तपाई खीष्टसंग घनिष्ट रूपमा परिचित गराईनु भएको छ । तपाई उहाँसंग सम्मिलित हुनुहुन्छ यसको अर्थ तपाई उहाँसंगै क्रुसमा टाँगिनु भयो, मर्नु भयो, गाडिनु भयो, मृत्युबाट बिउँतिनु भयो, स्वर्गारोहन हुनभयो र पिताको दाहिनेहातमा बस्नु भएको छ (रोमी ६:१-१०, एफिसी २:६) । यसरी खीष्टसित सम्मिलित भएर तपाई दैनिक जीवनमा पापसंग जोडिन चाहनु हुन्छ ?

तेस्रो :- उपहार दिने व्यक्तिलाई कृतज्ञता व्यक्त गर्नु युक्ति संगत ठहर्दछ । परमेश्वरले तपाईलाई सबैभन्दा राम्रो अनन्त जीवनको उपहार दिनुभएको छ । तपाईले पनि आफनो जीवन उहाँको सेवामा दिनुभएर सबैभन्दा असल उपहार परमेश्वरलाई फिर्ता दिनुसक्नु हुन्छ ।

चोथौ :- धेरै मानिसहरू जसले परमेश्वरलाई चिनेका छैन, उनिहरूको लागी पति उद्धार नितान्त आवश्यकता छ । कुनै दिन तिनीहरू मर्ने छन् अनि अनन्त जीवन गुमाउने छन् । यो कति डरलाग्दो नोकसानी हुनेछ । मण्डली र प्रभुबाट मान्छेहरू पछि हटने कुरा पाखण्डी पना हो । यदि तपाई इसाई हुनुहुन्छ भने यस्तो जीवन नजिउँने बिन्ती गर्छ किनभने यी कुराहरूले अविश्वासीहरूलाई खीष्टमा आउँनलाई धेरै बाधा पुरयाँउछ ।

पांचौं :- यो जीवनमा तपाई कसरी जिउनु हुन्छ अनि सेवा गर्नुहुन्छ भन्ने कुराले परमेश्वरले भविष्यमा तपाईलाई आफनो राज्यमा कस्तो इनामले पुरूस्कृत गर्नेछ भन्ने निर्धारित गदर्छ । खीष्ट पृथ्वीमा राज्य स्थापना गर्न आउँनु हुनेछ ("…. नम्रहरूले पृथ्वीको अधिकार गर्ने छ") सबै व्यक्तिहरूले त्यो राज्यहरूमा एकैप्रकारको इनाम पाउँने छैन । धेरै पदहरूले यो सत्यलाई प्रमाणित गर्दछ :-

मत्ती १६:२६

किनमि मानिसको पुत्र आफनो पिताको महिमामा आफना दुतहरूसित आउँने छ  र त्यसबेला उसले हरेक मानिसलाई त्यसको कर्मअनुसार प्रतिफल दिनेछ ।

१ कोरन्थी ३:१२:१५

(१२) तर यस जगमाथी कसैले सुन, चाँदी बहुमूल्य पत्थरहरू, काठ, घाँस, परालको घर बनाउँछ भने

(१३) हरेक मानिसकों काम प्रत्येक हुनेछ ..... हरेक मानिसकों काम कस्तो किसिमको रहेछ भन्ने आग्गैले प्रमाण दिनेछ ।

(१४) त्यसमाथि बनाएको कुनै मानिको काम पक्का रहयो भने, त्यसले इनाम पाउँने छ ।

(१५) कसैको काम जलेर नष्ट भयो भने, त्यसले नोकसानी भोग्नु पर्छ ....

२ कोरन्थी ५:१०

किनभने हरेकले, चाहे असल चाँहे खराब जे जस्तो शरीरमा गरेका छ, त्यस अनुसारको फल पाउँनलाई हामी सबैजना खीष्टमा न्याय आसनको सामान्ने प्रत्यक्ष गरी प्रकट हुनु पर्नेछ ।

कलस्सी ३:२३:२५

(२३) जे जे तिमीहरू गर्दछौं, मानिसलाई जस्तो होइन, तर प्रभुको निम्ति जस्तै गरी मनतनले गर ।

(२४) यो जानेर कि प्रभुबाट तिमीहरूले अधिकारको छतिपुर्ती पाउँनेछौ ।तिमीहरू प्रभुखीष्टको सेवा गर्दछौं ।

(२५) तर खराबी गर्नेले खराबी गरेको पतिफल फेरी पाउँने छ ।औ मुख हेरेर पक्षपात हुँदैन ।

अरू पनि यस्ता धेरै पदहरू छन् जसले स्पष्टसित बताँउदछ कि इसाईहरूले अहिले परमेश्वाको निम्ति जे गरीरहेका छन् त्यही अनुसार खीष्टको भविष्यको राज्यमा तिनीहरूले इनाम प्राप्त गर्नेछन् भविष्यको राज्यमा तपाईले प्रशस्त इनाम प्राप्त गरून भनेर बाइबलले तपाईलाई कठीन काम गर्न प्रोत्साहित गर्छ ।

मैले जीवनमा साह्रै नराम्रो कामहरू गरेको छु के मेरो लागी अझै बाँच्ने बाटो छ ?

परमेश्वरको बचन स्पष्ट छ कि प्रत्येक व्यक्तिले पाप गरेको छ, रोमी ३:२३ ले भन्छ, " सबैले पाप गरेका छन् र परमेश्वाको महिमा रहित हुन गएको छन्"। पापको सम्बन्धमा परमेश्वरको राय सबै मानिसहरू प्रति एकै छ, ..... धर्मी कोही छैन एउटै पनि छैन, बुझ्ने कोही छैन, परमेश्वरलाई खोज्ने कोही छैन ।ती सबका सब एकातिर लागेका छन्, ती बिल्कूल रद्दी भईहाले, असल गर्ने कोही छेन, अँह एउटै सम्म पनि छैन" रोमी ३:१०-१२ ।

परमेश्वर मानिसको बिष्यमा व्यवहारीक हुनुहुन्छ हामी सबै पापी छौं बाइबलले खीष्ट हत्यारा सिवाय सबैको निम्ति मर्नु भयो अथवा खीष्ट व्यभिचारीहरू बाहेक अरूको निम्ति मर्नु भयो भनी कहिल्यै भन्दैन ।बाइबलले बताँउदछ कि परमेश्वरले आफनो पुत्र दिनुभयो ताकि "..... उहाँमाथि विश्वास गर्ने प्रत्येक नाश नहोस तर त्यसले अनन्त जीवन पाओस्" युहन्ना ३:१६।

प्रेरित पावलले आफैलाई "पापीहरूको प्रमुख" झै वर्णन गर्दछ किनभने उ आफै इसाई हुनुभन्दा उघि इसाईहरूलाई सतावट गर्ने गर्थे ।उसले परमेश्वरको जनको हत्या गरेकोले आफैलाई सबैभन्दा तुच्छ ठाने ।यदि पावल जस्तो व्यक्तिको उद्धार भयो भने कसैको पनि हुन सक्छ ।पावल परमेश्वरको कृपा र धैर्यताको एक असल उदाहरण हो ।

मानिसहरू उद्धार पाएपछि परिवर्त्तन हुन्छ भन्ने मैले सुनेको छुँ, के यो साँचो हो ?

उद्धार पाएपछि अचम्मको आत्मिक परिवर्त्तन तपाईको जीवनमा हुन्छ ।तैपनि तपाईको मन र व्यवहारमा आफ से आफ परिवर्त्तन आउदैन ।परमेश्वरसितको सम्बन्ध र उहाँबाट तपाईले के प्राप्त गर्नुहुन्छ भन्ने आधारमा परिवर्त्तन तपाईको

जीवनमा हुनलाग्छ । जब तपाईको उद्धार हुन्छ तब :-

☐ तपाई परमेश्वरको बालक हुनुहुन्छ ।

☐ तपाईलाई परमेश्वरले पवित्र आत्माको बरदान दिनुहुन्छ ।

☐ तपाई परमेश्वरको दृष्टिमा धर्मी ठहरिनु हुन्छ ।

☐ तपाई परमेश्वरको अघि न्यायी ठहरिनु हुन्छ ।

☐ तपाई परमेश्वरको दृष्टिमा पवित्र कहलिनु हुन्छ । (१ कोरन्थी १:३)

☐ मृत्यु र पापको शक्तिबाट छुटकारा पाउँनु हुन्छ ।

☐ पापको मृत्युबाट जीवनमा सरीसकेको हुन्छ ।

यी परिवर्त्तनहरू वास्तविक हुन अनि इसाईको सोचाई र जीवनमा यसले शक्तिशाली रूपमा प्रभाव पार्छ । जबसम्म इसाईले निर्णय लिदैन तबसम्म यी परिवर्त्तनहरूले आफ से आफ उसको व्यवहारमा प्रभाव पार्दैन । के तपाईले जे देख्नु हुन्छ र अनुभव गर्नुहुन्छ त्यसलाई विश्वास गर्नुहुन्छ ?अथवा परमेश्वरले आफनो वचनमा जे भन्नुहुन्छ त्यसमा विश्वास गर्नुहुन्छ ?एक इसाई भएको हैसतमा  तपाईले यो सिकनै पर्छ "…. विश्वासद्वारा हिडँछौं, देखिने कुराको आधारमा होइन" २ कोरन्थीर ५:६ । परमेश्वरले जे भन्नु हुन्छ त्यसमा भरोसा गर्नु सिकनु असल इसाई जीवन जिउनको निम्ति अनिवार्य छ । उदाहरर्णाथ, परमेश्वरले तपाईलाई प्रेम गर्नु हुन्छ, तपाईले आफैलाई उहाँद्वारा प्रेम गरेको महसुस नगरेता पनि उहाँको प्रेम तपाईप्रति वास्तविक छ । ख्रीष्टमा तपाई को हुनुहुन्छ अनि परमेश्वरले तपाईको बारेमा के सोच्नु हुन्छ भन्ने बिषयमा पनि यस्तै हो । परमेश्वरले तपाईलाई धर्मी, पवित्र र न्यायी ठहराउँनु भएको छ - तपाईले यस्तो अनुभव नगरेता पनि यो वास्तविकै छ ।

उद्धार पाएको व्यक्तिले असल काम गर्छ भन्ने मैले सुकेको छु ।

जब तपाईको उद्धार हुन्छ तब तपाई परमेश्वरको परिवारमा ल्याईनु हुन्छ । तपाई परमेश्वरको सन्तान बन्नु हुन्छ, तपाईको नयाँ जन्म हुन्छ अनि तपाईमा पवित्र आत्माको छाप लगाइन्छ । तैपनिख सामान्यतामा तपाईको व्यवहारमा त्यसैबेला परिवर्त्तन आउँदैन । कहिले काही उद्धार मुक्ति पाएकै बेला व्यक्तिको जीवनमा अचम्को परिवर्त्तन परमेश्वरले गर्नुभएको तपाईले सुन्नुहुन्छ । उदाहरणार्थ, मद पिउँने व्यक्तिले झट्टै मद पिउँन त्याग्न सक्छ । यस्तो प्रकारको कुरा कहिले काही घटछ तर यो अपवाद (Exception) हो कुनै नियम होइन ।

परमेश्वरले उहाँको सन्तानलाई इश्वरीय आचरण सम्बन्धी खुबै सावधानीसित आदेशहरू दिनुहुन्छ । झुठो नबोल्नु, नचोर्नु बाइबलले भन्दछ । व्यभिचार नगर्नु भनेर यसले आदेश दिदछ । तितोपना र बदलाउको भावनालाई हटाएर सट्टामा धिरजी, दयालु र प्रेमिलो हुन बाइबलले भन्दछ । प्रार्थना गर्नु र दिनको बिषयमा पनि यसले बताउँदछ । धर्मी जीवन व्यतित गर्नुको निम्ति धेरै कुराहरू बाइबलले भन्छ । साँचो ख्रीष्टीयान भई परमेश्वरको आज्ञालाई पालन गर्नुको निम्ति समय, प्रयत्न र अनुशासन चाहिन्छ । धेरै पदहरूले यसबारे बताउँदछ तर अहिले हामी यहाँ दुई तीन पदहरू उल्लेख गर्छौं :-

गलाती ५:१६ र १७

१६) तर म भन्दछु आत्माको भरमा हिंड,  तिमीहरूले शरीरको लालसा कुनै किसिमले  पूरा गर्नुपर्ने छैन ।

१७) किनभने, शरीरले आत्माको बिरूद्धमा लालसा गर्दछ, र आत्माले शरीरको बिरूद्धमा …… यिनीहरूको एकको बिरूद्ध अर्को हुन्छ ।

रोमी १२:२

२) औ यस संसारसित एकै चालका नहोऔ, तर तिमीहरूको मनको परिवर्त्तनले तिमीहरू बदलियौं ।...

परेमश्वरको आज्ञा पालन गर्न तपाईले आफनो मन पक्का गर्नु पर्छ । यसो गनुहुन्न भने तपाईले पाप स्वभावको अभिलाषाहरूलाई सुन्न हुनेछ र परमेश्वरको आशिर्षहरूलाई गुमाउँनु हुनेछ । परमेश्वरको आज्ञाहरूलाई सँधैभरी पालन गर्न तपाई सफल हुन सक्नु हुन्न । तर तपाईले कोशिष गरेको उहाँ चहानुहुन्छ । अहिले तपाईले खीष्टको निम्ति गरेका कुराहरूको लागी न्यासको दिनमा तपाईले इनाम पाउनु हुनेछ । शरीरलाई परिवर्त्तन गर्नु तपाईको काम हो । परमेश्वरले तपाईलाई सहायता गर्नु हुन्छ तर यो तपाई बिना उहाँले गर्नु सक्नु हुन्न । परिणाम स्वरूप धेरै इसाईहरू शारीकि इसाई (Casnal Christains) भएका छन् । तिनीहरू परमेश्वरको वचनमा आज्ञाकारी भई आफना शरीरलाई समर्पण गर्दैनन् साथै आत्मिक युद्धमा जान कहिल्यै निर्णय लिदैन । यी शरारिक इसाईहरू अझै उद्धार पाइएकै इसाइहरू हुन्छन् तर तिनीहरू अविश्वासीहरू झै जिरहेका हुन्छन् ।

के बाइबलले मृत्यपछिको जीवनको बिषयमा बताउँछ ?यो कस्तो हुन्छ होला?

अवस्य पनि बाइबलले अर्को जीवनको बारेमा बताँउदछ । यो दुर्भाग्य हो कि बाइबलमा प्रकट गरिएका भविष्यको सत्यको अधिकांशलाई धेरै चर्चहस्मा परम्पराले ढाकेका छन् । यस्तो भविष्यको बिषयमा जानेर त मानिसहरू उद्धार पाउनको निम्ति प्रेरित हुन पर्ने अनि उद्धार पाएकाहरू परमेश्वर प्रति आज्ञाकारी हुन प्ररित हुन पर्ने झे । ज्यादतर इसाईहरूले उद्धार पाएकाहरू सर्दासर्वदा वायुमण्डलको माथि कतै भएको जग्गा स्वर्गमा बस्नेछ भनी बिश्वास गर्छ । यो बाइबल र येशुको शिक्षाको बिपरीत छ । परमेश्वरको बचन बाइबलले भन्छ, ''.... नम्रहरूल पृथ्वीको अधिकार गर्ने छ'' मत्ती ५:५ ।

परमेश्वरने मानिसहरू बस्न र आनन्द गर्नलाई पृथ्वी बनाउँन भयो । बाइबलले भविष्यमा एक नयाँ पृथ्वी हुनेछ भन्दछ र यसले यो भ्रष्ट पारिएको पृथ्वीको स्थान लिनेछ । उद्धार पाएका सबै मानिसहरूले स्वर्गमा बस्न जाने भए त परमेश्वरले ''नयाँ पृथ्वी'' सृष्टि गर्नुको कुनै अर्थ हुने थिएन । भविष्यमा परमेश्वरले एक नयाँ पृथ्वी बनाउँनु हुन्छ किन भने, अहिले हामी बसेको पृथ्वी नष्ट हुनेछ । भविष्यको पृथ्वीमा हुने जीवनको बिषयमा बाइबलमा उल्लेखित केही पदहरू :-

☐ येशू खीष्टले अनन्तको राज्यमा शासन गर्नेछ । (दानिएल २:४४, ७:१३ र १४, प्रकाश २२:३-५) ।

☐ खीष्टले दाउदको सिहासन र तिनको राज्यमा शासन गर्नेछ । येशैया ९'७) ।

☐ किनकि कुकर्मीहरू नष्ट हुनेछन् । तर परमप्रभुको बाटो हेर्ने जतिले देश अधिकार गर्नेछन् (भजन संग्रह ३७:९११, इजिकिएज ३७:११ र १२, दानिएल १२:२ र ३, सपन्याह ३:८-१३, मलाकी ४:१) ।

☐ उद्धार पाएकाहरूले परमेश्वरलाई जान्नेछ (यशैया ११:९, यर्मिया ३१:३३,३४, इजिकिएल ११:१८-२०, १ कोरन्थी १३:१२) ।

☐ पृथ्वीमा इन्साफ हुनेछ (यशैया २:४, ९:६, ७, ११:१-५, ३२:१, २, ५, १६, १७ यर्मिया २३:५, ६, ३३:१५) ।

☐ युद्ध हुनेछैन (यशैया २:४, ९:४-७, होशे २:१८, मीका ४:३, ४ जकरिया ९:९-११) ।

☐ रोग बिमारबाठ मानिसहरू निको हुनेछ (यशैया २९:१८, ३२:३,४ ३३:२४, ३५:५,६ यर्मिया ३३:६मलाकी ४:२)।

☐ मानिसहरू सुरक्षित बस्ने छ (यशैया ११:६-९, ३२:१८, ५४:१४-१, ६०:१५-१८ ६५:१७-२५, यर्मिया २३:४-६, ३३:६, इजिकिएल २८:२६, ३४:२५-३१, मीका ५:४,५ सपन्याह ३:१३-७) ।

☐ भूमी निको हुनेछ र मरूभूमिमा फूल फूल्नेछ (यशैया ३२:१५, ३५:१,२,७, ४१:१८-२०, ४४:३, ५१:३)।

☐ प्रशस्त खानेकुरो हुनेछ (यशैया २५:६, ३०:२३-१६ यर्मिया ३१:५, ११-१४, इजिकिएल ४७:१-१२ होशे २:२१, २२, योएल २:१९-२६, ३:१७ आमोस ९:१३) ।

भविष्यको जीवनमा परमेश्वरले हामीलाई दिनुहुने कुराहरू मध्ये एक खाद्य आमोद प्रमोद र संगति हो । रोग-बिमारमुक्त लडाई वा युद्ध नहुने, अन्याय बिनाको प्रशस्त खानेकुरा हरबखत एर्काकामा शान्ति र उदेश्यपूर्ण क्रियाकलाप बिनाको जिन्दगीको कल्पना गर्नु पनि गाह्रो हुन्छ तर इसाईहरूले त यस्तो जीवनको सँधै उपभोग गर्न पाउँनेछ । यो जीवनमा तपाईले चाहनु भएको सबै कुरा परमेश्वरले प्रदान गरिरहनु भएको छ । तपाईले गर्नुपर्ने काम चाहिं येशु ख्रीष्टद्वारा परमेश्वरले दिनुहुने उद्धारको सित्तैको बरदानलाई ग्रहन गर्नु मात्रै हो । परमेश्वरको बरदानलाई लताएर तपाईले सँधै चाहनु भएको सबै कुरालाई नगुमाउँनु होस । येशु नै प्रभु हो भनी आफनो मुखले स्वीकार गर्नुहोस । चर्को गरी कराउनु होस, अनि येशु मृतकबाट बैरी उठनु भयो भन्ने बाइबलको गवाहीमा विश्वास गर्नुहोस ।

परमेश्वरको अनन्तको जीवनको बरदानलाई मैले ग्रहण गरिन भने के हुन्छ ?

बाइबलले पापको ज्याला मृत्य हो भन्दछ... (रोमी ६:२३) । येशु ख्रीष्टले हरेकको इन्साफ गर्नुहुन्छ जसले उहाँको उद्धारणको बरदानलाई स्वीकार गर्छ तिनीहरूले अनन्त जीवन प्राप्त गर्छ । “किनभने हरेकले जसले चाँहे असल चाँहे खराब जे जस्तो शरीरमा गरेको छ त्यस अनुसारको फल पाउनलाई हामी सबैजना ख्रीष्टको न्याय आसनको साम्मुने प्रतक्ष गरी प्रकट हुनपर्नेछ । (२ कोरन्थी ५:१०, कलस्सी ३:२३-२५, पिस्सोलोनी ४:६, २ तिमोती २:१२ र यूहन्ना २:२८) कसैले ख्रीष्ट र उहाँको कामलाई नसुनेका कारणले उहाँलाई ग्रहण गरेको छैन भने तिनीहरूको ज्ञान र काम अनुसार धर्मसित न्याय हुनेछ । जोहरूले उनीहरूसित उहाँलाई अस्वीकार गने तिनीहरू पापैमा मर्नेछ अनि अग्निकुण्डमा फ्याकिनेछ (प्रकाश २०:१५) । ख्रीष्टमा अनन्त जीवनको प्रतिज्ञालाई स्वीकार गर्नु कि त ख्रीष्टको कामको सट्टामा आफ्नै कामद्वारा तपाईको न्याय हुनु छान्ने काम तपाईको हो । तपाईको कामको मजदुरी भुक्तान गर्नु जोखिम छ । जुन अनन्त मृत्यू हो ।

आजको संसारमा जुवाँ र चिट्ठा खेल प्रचलित छ अनि कहिले सम्भावना तिनीहरूको विरूद्धमा हुन्छ मानिसहरूले जान्दछ । कसरी अनन्त जीवनलाई निश्चित कुरा बनाउँने परमेश्वरले स्पष्ट भन्दछ । मानिसहरूले न्यायको दिनमा तिनीहरूलाई अज्ञानताको रक्षा गर्नेछन् भनी जुवाँ झै खेलिरहेको छन् तर यो गलत बाँकी हो । परमेश्वरले सरल बनाउनु हुन्छ । यसैले कुनै व्यक्ति थोरै सुनेर आफनै बाटातिर लाग्छ भने न्यायको दिनमा छोडिने छैन । येशू ख्रीष्टको कामलाई स्वीकार गर्ने कि त अस्वीकार गर्ने निर्णय तपाईले लिनै पर्छ । येशूलाई ग्रहण गर्न असल निर्णय हो तर उहाँलाई अस्वीकाी गर्नु गलत हो । कि जानी जानी जीवनको सट्टा मृत्यूलाई छान्ने ?

इसाई मतमा यो शिक्षा छ कि अविश्वासीहरू सधैँको निम्ति भस्म हुनेछ तर यो साँचो हुन सक्दैन । किलमि हरेक एकदमै थोरै मात्रामा (Albeit fo poor quality) भए पनि अनन्त जीवन हुनेछ । बाइबल स्पष्ट छ कि उद्धार पाएकाले मात्र अनन्त जीवन पाउँने छ । दुष्टले पापको ज्याला मृत्यु पाउँने छ दुष्ट चाँहि नष्ट हुनेछ भनि पदहरूले बताँउदछ । नष्ट हुनु भन्नाले तिनीहरू आगोमा भष्म हुन भन्ने बुझिन्छ । यद्धपि केही पदहरूले दुष्ट मानिसहरू सँधैको लागी भष्म हुन्छ भनी भन्दछ । प्रथम उद्धाहरणानुसार कोही मानिसहरू भष्म हुनलाई लामो समय लाग्न सक्छ त्यस समय अत्यक्तिद्वारा दर्शउनु बाइबलीय संस्कृकति थियो उदाहरणर्थ ख्रीष्टले भन्नु भयो “...... यदि तिम्रो आँखाले तिमीलाई बाधा पार्छ भने त्यसलाई झिकेर फ्यालिदेऊ ......” (मरती १८:६) अवश्यै कसैले यसो गरेको भएत उहाँ भयभीत हुन्थ्यो होला तर ख्रीष्टको भनाईको अर्थ केवल पाप गर्ने व्यवहारलाई अन्त गर्नु वा त्याग्नु भन्ने हो दुष्ट मानिसहरू पूर्णरूपले बिनाश हुनभन्दा अघि आगोमा भष्म हुने समय छ अनि यो तिनीहरूको लागी अनन्त काल झै देखिनसक्छ । (थप अध्ययनको लागी के मृत्युपछि जीवन छ?पढ़नुहोस)

बाइबल परमेश्वरको बचन हो यो आफैमा झुटो हुनसक्दैन । केही मानिसहरूले कतिपय पदहरूलाई मानिस सँधैको निम्ति भष्म हुनछ भनी व्याख्या गर्दछ अनि यस कुरालाई दर्जनौ पदहरूको प्रकाशमा उद्धार नपाएका मानिसहरू नष्ट हुनेछ भनी बुझ्न पर्छ ।

दुष्ट चाँहि नष्ट हुनेछ भनी मलाकी ४:१ मा उल्लेखित गरीएको ठ । आगोको ज्वालामा नष्ट हुने कुनै कारण त्यहाँ छैन । नयाँ पृथ्वीमा तपाईले संधै सपना देख्नु भएको जीवन जिउन सक्नु हुन्छ । यसैले किन ख्रीष्टलाई प्रभु र मुक्तिदाता भनी ग्रहण नगर्ने?

येशू ख्रीष्ट मुत्युबाट जिवीत हुनु भएको र बाइबल 'सत्य' हो भन्ने धारणा मेरो लागी विश्वास गर्न कठिन छ, अब मैले के गर्नु त ?

खोजीरहनु होस । परमेश्वरले प्रतिक्षा गर्नु हुन्छ कि यदि तपाईले खोज्नु भयो भने भेटाउँन हुन्छ । यो एक सानो पुस्तिका हो र यसले सबैकुरा ढाकन सक्दैन । ख्रीष्टमा हामी दैहिक छौं, पुनरूत्थान, अचुक अनि प्रतिक्षा सहितको आशा बाइबल उहाँको बचन हाम्रो लागी छ । परमेश्वर हुनुहुन्न भनेदेखि नडराउँनु होस शंका र अनिश्चता अंहकार र हृदयको कठोरता जस्तो होइन । थोमाले पनि पुनरूत्थानलाई शंका गरे तर ख्रीष्टले तिनलाई अस्वीकार गनुभएन बरू थोमाले विश्वास गर्नु सकोस् भनेर ख्रीष्टल आफैलाई त्यही प्रकारले प्रकट गर्नुभयो । यदि तपाईले इमान्दार पूर्वक मेहन्तसित उहाँलाई खेज्नु हुन्छ भने परमेश्वरलाई तपाईले निश्चय भेटनु हुनेछ ।